# प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा

प्रदेश नम्बर दुई, जनकपुरधाम

# प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशका बालिकाहरुको अधिकारको संरक्षण गरी शारीरिक, मानसिक र बौद्धिक विकास गर्न र बालिका विरुद्धको जातिय, बर्गीय, लैङ्गिक विभेदलाई अन्त्य गर्दै निजहरुको जन्म, शिक्षा, स्वास्थ्यको प्रत्याभूति गरी बालिकाको संरक्षण गर्न वाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " प्रदेश बालिका संरक्षण सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन प्रदेश नम्बर दुई भर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **ऐन लागू हुनेः** (१) यस ऐन वमोजिम कसूर ठहरिने कुनै कार्य प्रदेशमा स्थायी बसोबास गर्ने कुनै व्यक्तिले प्रदेशभन्दा बाहिर अन्य कुनै प्रदेश वा अन्य कुनै मलुकमा गई गरेको रहेछ भने पनि निजले त्यस्तो कसूर प्रदेश भित्र गरेको मानी यसै ऐन बमोजिम कारवाही गरिनेछ ।

(२) प्रदेशमा काम, रोजगारी वा अन्य सिलसिलामा अस्थायी बसोबास गर्ने नेपाली नागरिकको हकमा समेत यो ऐनको व्यवस्था उपदफा (१) मा लेखिए बमोजिम नै लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभियान" भन्नाले परिच्छेद-३ बमोजिमको बालिका संरक्षण सम्बन्धी अभियान सम्झनु पर्छ ।

(ख) "कसूर" भन्नाले दफा २१ बमोजिमको कसूर सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नम्बर दुई सम्झनु पर्छ।

(ङ) "बालिका" भन्नाले प्रदेश नम्बर दुईमा स्थायी बासिन्दा भएको अठार वर्ष उमेर पूरा नगरेको बालिका सम्झनु पर्छ ।

(च) "बालिका कल्याण अधिकारी" भन्नाले दफा १८ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(छ) "बालिका कल्याण गृह" भन्नाले बेवारिस बालिकाको पालनपोषण गर्न प्रदेश सरकारले दफा १७ बमोजिम स्थापना गरेको बालिका कल्याण गृह सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा १६ बमोजिम गठन भएको बालिका संरक्षण समिति सम्झनु पर्छ।

(झ) "संरक्षक" भन्नाले बालिकाको संरक्षण गर्नको लागि दफा २० बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "बीमा" भन्नाले बालिका संरक्षण बीमा सम्झनु पर्छ ।

## परिच्छेद्- २

## बालिकाको अधिकार

४. **बालिकाको नाम राख्ने र जन्म मिति कायम गर्ने:** (१) प्रत्येक बालिकाको जन्म पछि निजको बाबु आमा भए बाबु आमाले र बाबु आमा कोही पनि नभए परिवारका अन्य सदस्य र त्यस्तो सदस्य पनि नरहे संरक्षकले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालिकाको नाम राखिदिनु पर्नेछ।

(२) कुनै बालिकाको जन्म मिति पत्ता लाग्न नसकेकोमा त्यस्तो बालिकाको संरक्षण गर्ने व्यक्ति, संस्था वा संरक्षकले दर्तावाला चिकित्सकको राय लिई निजको जन्म मिति कायम गरिदिने प्रयोजनको लागि प्रचलित कानुन बमोजिम जन्म मिति दर्ता गराई राख्नु पर्नेछ। यसरी दर्ता भएको जन्म मिति नै त्यस्तो बालिकाको प्रमाणिक जन्म मिति मानिनेछ।

५. **बालिकाको पालनपोषण. शिक्षा, स्वास्थ्य उपचार, खेलकूद तथा मनोरन्जनको अधिकारः** (१) बाबु आमा भए बाबु आमाले र निजहरु नभए बालिकाको संरक्षण गर्ने व्यक्ति, संस्था वा संरक्षकले आफ्नो आर्थिक अवस्था अनुसार बालिकाको पालनपोषण. शिक्षा, स्वास्थ्य उपचार, खेलकूद तथा मनोरन्जनको व्यवस्था गर्नु पर्नेछ।

(२) बालिकाको बाबु आमा वा बालिका पालनपोषण गर्ने व्यक्ति. संस्था वा संरक्षकले सर्वसाधारण बालिकासरह रोगबाट बचाउन बालिकालाई आवश्यक खोपहरु दिलाउनु पर्नेछ। खोप दिलाउने व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहले मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले जन्मने बालिकाको स्वास्थ्य हितलाई ध्यानमा राखी गर्भवती महिला र सुत्केरी अवस्थाका आमाहरुको उचित स्वास्थ्य स्याहारको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

६. <u>भेदभाव गर्न नहुने:</u> कसैले पनि पालनपोषण, शिक्षा र स्वास्थ्य उपचारमा छोरा-छोरी बीच भेदभाव गर्नु हुंदैन।

७. <u>क्रूर वा यातनापूर्ण अमानवीय व्यवहार गर्न नहुने:</u> कसैले पनि बालिका प्रति क्रूर, यातनापूर्ण अमानवीय व्यवहार गर्न गराउन हुंदैन।

८. <u>बालिकालाई अनैतिक पेशामा संलग्न गराउन नहुने:</u> (१) कसैले पनि बालिकालाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुदैंन।

(२) बालिकालाई अनैतिक पेशामा लगाउने उदेश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्न हुंदैन।

(३) कुनै बालिकाको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न हुंदैन।

(४) बालिकालाई मादक पदार्थ, लागू औषध वा यस्तै अन्य नशालू पदार्थको बिक्री वितरण वा ओसारपसार गर्ने काममा लगाउनु हुंदैन।

९. <u>बिवाहको लागि कर गर्न नहुने:</u> (१) कसैले पनि कुनै बालिकालाई उसको इच्छा विपरित विवाहको लागि कर गर्न वा डर, धाक, त्रास, अनुचित प्रभाव वा प्रलोभनमा पारी विवाहको लागि तयार गर्न हुदैंन।

(२) प्रचलित कानुन बमोजिम विवाहको लागि चाहिने उमेर पूरा नगरी बालिकाको सहमतिमा समेत विवाह गर्न वा गराउन हुदैंन।

१० .<u>छोरी जन्मिए लगतै बिवाहमा केन्द्रीत हुन नहुने:</u> (१) छोरी जन्मिए लगतै कुनै पनि बाबु आमा वा परिवारको कुनै सदस्यले उसको बिवाहमा केन्द्रित भई कुनै पनि किसिमको व्यवहार तथा आचरण प्रकट गर्न पाइने छैन।

(२) उमेर पुगेको छोरीको बिवाह गर्दा प्रचलित कानुन बमोजिमको परिधि भित्र रही गर्नु पर्नेछ ।

(३) बाबु आमाको सम्पत्तिमा प्रचलित कानुन बमोजिम छोरीको अधिकार हुनेछ।

११. <u>लिङ्गको पहिचान तथा गर्भपतन गर्न नहुनेः</u> (१) कसैले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) विपरितको कार्य गरी गर्भमा रहेको भ्रुणको पहिचान गरी छोरी भएकै कारणले गर्भपतन गर्न गराउन हुदैन ।

तर गर्भवती महिलाको स्वास्थ्यमा परेको प्रतिकूल असरका कारण जीवन रक्षाको लागि वा गर्भमा रहेको शिशुको स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई बिचार गरी चिकित्सकको लिखित परामर्शको आधारमा गर्भपतन गर्न बाधा परेको मानिने छैन।

१२. <u>अधिकारको प्रचलनः</u> (१) यस परिच्छेदमा उल्लेख भएको अधिकारको प्रचलनको लागि बालिकको तर्फबाट जो सुकैले पनि बालिका रहे बसेको प्रचलित कानून बमोजिमको अदालतमा निवेदन दिन सक्नेछ। यस्तो निवेदन पर्न आएमा सम्बन्धित सो अदालतले जाँचबुँझ गरी मनासिब आज्ञा आदेश वा पूर्जी जारी गरी अधिकारको प्रचलन गराई दिन सक्नेछ।

(२) कसैले यस परिच्छेद प्रदत्त अधिकारमा आघात पुर्याई बालिकालाई कुनै क्षति पुग्न गएमा प्रचलित कानून बमोजिमको अदालतले उपदफा (१) बमोजिम आज्ञा, आदेश वा पूर्जी जारी गरी मुनासिब माफिकको क्षतिपूर्ति भराउने निर्णय गर्न सक्नेछ।

## परिच्छेद्-३

## <u>बालिका संरक्षण सम्बन्धी अभियान</u>

१३. <u>मुख्यमन्त्री  बालिका अनिवार्य तथा निःशुल्क शिक्षा अभियानः</u> (१) प्रदेशमा स्थायी बसोबास गरेका छ वर्ष पुगेका प्रत्येक बालिकालाई प्रदेश सरकारले तोकिए बमोजिम अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न “मुख्यमन्त्री बालिका अनिवार्य तथा निःशुल्क शिक्षा अभियान” संचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संचालित अभियान अर्न्तगत बालिकालाई माध्यमिक तहसम्मको शिक्षा तोकिए बमोजिम निःशुल्क प्रदान गरिनेछ।

(३) उपदफा (१) बमोजिम संचालित अभियान अन्तर्गत विद्यालय भर्ना भएका अति विपन्न, दलित, शहिद परिवारका बालिकालाई पोशाक, पुस्तक, स्टेशनरी, सेनिटरी प्याड आदिमा लाग्ने खर्च प्रदेश सरकारले स्थानीय तहसंग समन्वय गरी तोकिए बमोजिम उपलब्ध गराउनेछ।

१४. <u>मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानः</u> (१) प्रदेश सरकारले बालिका संरक्षणको लागि स्थानीय तहसंग समन्वय गरी प्रदेशमा तोकिए बमोजिम "मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान" संचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभियान संचालनको लागि प्रदेश सरकारले स्थानीय तहसंग समन्वय गरी प्रत्येक स्थानीय तहमा तोकिए बमोजिम ईकाइ स्थापना गर्नेछ। यसरी स्थापना हुने ईकाइहरुको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय पंजिकाधिकारीसंग समन्वय गरी स्थानीय तहमा जन्मिएका बालिकाको तथ्यांक संकलन गर्ने र तत्काल जन्मिएका नवजात बालिकाहरुको प्रदेश सरकारले निर्धारण गरेको रकम बराबरको संरक्षण बीमा गराउन सहजीकरण गर्ने।

(ख) स्थानीय तह भित्रका छ वर्ष उमेर पुगेका प्रत्येक बालिका विद्यालय भर्ना भए नभएको सुनिश्चित गर्ने र यसलाई प्रभावकारी बनाउन स्थानीय सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय गर्ने।

(ग) स्थानीय तह भित्र बालिका माथि कुनै किसिमको भेदभाव वा हिंसा भएको वा हुन लागेको सूचना प्राप्त गर्ने र त्यस्तो सूचनाको जानकारी यथाशीघ्र समितिलाई दिने।

(घ) बालिका संरक्षण सम्बन्धी प्रचलित कानुन र यस सम्बन्धमा संघीय, प्रदेश एंवम स्थानीय सरकारको नीति तथा कार्यक्रमका बारेमा सर्वसाधारणका बीच जनचेतना जगाउने।

(ङ) बालिका माथि कुनै पनि किसिमको हिंसा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी निकायसंग समन्वय गरी बालिकाको सुरक्षाको सुनिश्चित गर्ने।

(च) अभियानको प्रभावकारी संचालन गर्नका लागि प्रदेश सरकारले सुम्पेको अन्य कामहरु गर्ने।

(छ) तोकिए बमोजिमको अन्य कामहरु गर्ने।

१५. <u>बालिका संरक्षण बिमाः</u> (१) प्रदेश सरकारले २०७५ साल माघ १ गते देखि जन्मिएका प्रत्येक बालिकाको संरक्षणको लागि तोकिए बमोजिम बिमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने बिमा रकम एक लाख रुपैयाँ हुनेछ।

(३) यस दफा बमोजिम गरिने बिमाको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ।

(४) यस दफा बमोजिम गरिने बिमाको रकम बालिकाको उमेर बीस वर्ष पूरा भएपछि निजले एकमुष्ट प्राप्त गर्ने व्यवस्था प्रदेश सरकारले मिलाउनेछ।

(५) बिमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम गरिने बिमाको प्रभावकारी अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ।

## परिच्छेद्- ४
## <u>बालिका संरक्षण सम्बन्धी व्यवस्था</u>

१६. <u>बालिका संरक्षण समितिः</u> (१) यस ऐन बमोजिमको कसूर वा अन्य कुनै पनि किसिमको हिंसाबाट पिडीत बालिकाको संरक्षण गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एउटा बालिका संरक्षण समिति रहनेछ।

(२) समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहनेछनः-

(क) स्नातक उपाधि हाँसिल गरेको र बालिका तथा महिला अधिकारको संरक्षण सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) बालिका तथा महिला अधिकारको संरक्षण सम्बन्धी क्षेत्रमा

प्रदेश भित्र उत्कृष्ट योगदान पुर्याएका महिला अधिकारकर्मीहरु

मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको एकजना - सदस्य

(ग) प्रदेश सरकारले तोकेको कुनै मन्त्रालयको सचिव वा

एघारौं तहको कुनै अधिकृत कर्मचारी - सदस्य-सचिव

(३) प्रदेश सरकारले समितिका अध्यक्ष तथा सदस्यको नियुक्ति गर्दा सामाजिक विकास मन्त्रालयको सिफारिसमा गर्नेछ।

(४) समितिका अध्यक्ष तथा सदस्यको सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१७. <u>बालिका कल्याण गृहः</u>(१) प्रदेशमा बसोबास गर्दै आएका कुनैपनि हिंसा पिडीत बालिकाको संरक्षणको लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रदेशमा बालिका कल्याण गृहको स्थापना गर्न सक्नेछ।

(२) प्रदेशमा बसोबास गर्दै आएका कुनै बालिका आफ्नै आमा, बुवा, दाजु-भाई, दिदी-बहिनी वा आफ्नो परिवारको अन्य कुनैपनि सदस्यको कामबाट हिंसा पिडीत भई आफ्नै घरमा सुरक्षित रहन नसकेको भनि समिति समक्ष उजुरी पर्न आएमा वा समितिले सो कुराको जानकारी प्राप्त गरेमा समितिले त्यस्तो बालिकालाई संरक्षणका लागि सम्बन्धित वडाको रोहबरमा बालिका कल्याण गृहमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) बालिका कल्याण गृहको संचालन, व्यवस्थापन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>बालिका कल्याण अधिकारीः</u> (१) बालिकाको अधिकारको संरक्षणका लागि प्रदेश सरकारले प्रदेशको कुनै अधिकृत कर्मचारीलाई बालिका कल्याण अधिकारीको काम काज गर्ने गरी नियक्त गर्न वा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारीले बालिका कल्याण गृहको प्रमुखको रुपमा कार्य गर्नु पर्नेछ ।

(३) बालिका कल्याण अधिकारीको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ५

## संरक्षकको व्यवस्था

१९. कोही नहुने बालिकाको हेरचाह र निजको सम्पत्तिको जिम्माः (१) कुनै बालिकाको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बालिका कल्याण अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालिकाको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ। त्यस्तो व्यवस्था मिलाउँदा सकभर नजिकको नातेदारलाई त्यस्तो बालिका जिम्मा लगाउने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नजिकको नातेदार कोही नभएमा सो बालिकाको पालनपोषणको निमित्त कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिनेछ।

(३) बालिकाको पालनपोषण गर्ने कुनै नातेदार, व्यक्ति वा संस्था पनि नभएमा त्यस्तो बालिकाको पालनपोषणको निमित्त बालिका कल्याण गृहको जिम्मा दिनु पर्नेछ।

(४) उपदफा (१) मा उल्लिखित बालिकाको कुनै सम्पत्ति भए बालिका कल्याण अधिकारीले तोकिए बमोजिम कम्तीमा दुईजना स्थानीय व्यक्तिको रोहबरमा त्यस्तो सम्पत्तिको फाँटवारी तयार गरी पालनपोषण गर्ने व्यक्ति वा संस्थालाई समेत एक प्रति बुझाई बालिका र बालिकाको सम्पत्ति जिम्मा लगाएको व्यहोराको तोकिए बमोजिम कागज गराई राख्नु पर्नेछ।

२०. संरक्षकको नियुक्तिः (१) बाबु आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित रहेको भए पनि शारीरिक वा मानसिक अशक्तताको कारण बालिकाको पालनपोषण गर्न नसक्ने भएमा त्यस्तो बालिकालाई बालिका कल्याण अधिकारीले तोकिए बमोजिम अन्य जुनसुकै व्यक्तिलाई संरक्षक नियुक्त गरी बालिका जिम्मा लगाउन सक्नेछ ।

(२) संरक्षकको नियुक्ति, योग्यता, काम, कर्तव्य, अधिकार, संरक्षकले गर्न हुने र नहुने काम र संरक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद्- ६

## कसूर तथा सजाय

२१. <u>कसूर मानिनेः</u> (१) प्रचलित कानुनमा बालिका विरुद्ध कसूर ठहरिने कुनै काम कारवाहीका सम्बन्धमा गरिएको व्यवस्थामा कुनै पनि प्रतिकूल असर नपर्ने गरी यस ऐनको प्रयोजनको लागि कुनै व्यक्तिले देहायको कुनै काम कारवाही गरेमा निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा ११ मा उल्लेख गरिए बमोजिम बालिका भएकै कारणबाट गर्भपतन गर्ने वा गराउने काम गरेमा,

(ख) दफा ९ मा उल्लेख गरिए बमोजिम बालिकाको विवाह गरे गराएमा,

(ग) छ वर्ष वा सो भन्दा बढी उमेर पूरा भएका बालिकालाई विद्यालयमा भर्ना नगराई घरको कामकाजमा लगाउने वा शिक्षाको अवसरबाट बन्चित हुने कुनै काम कारवाही गरे गराएमा,

(घ) दफा ६ मा उल्लेख गरिए बमोजिम छोरा-छोरी बीच भेदभाव हुने काम कारवाही गरे गराएमा,

(ङ) दफा ७ मा उल्लेख गरिए बमोजिम बालिका प्रति क्रूर वा यातनापूर्ण अमानवीय व्यवहार गरे गराएमा,

(च) दफा ८ मा उल्लेख गरिए बमोजिम बालिकालाई अनैतिक पेशामा संलग्न गरे गराएमा,

(छ) दफा १० विपरित हुने कुनै काम कारवाही गरेमा,

(ज) विधालय जाने कुनै बालिकालाई कुनै खास जातजाति, यौनिक पहिचान वा अपाङता भएका कारणले विद्यालयमा भेदभाव गर्ने वा पढने वातावरणबाट बन्चित गर्ने काम गरे वा गराएमा,

(झ) छोरालाई निजि बिद्यालय र छोरीलाई सरकारी विद्यालययमा अध्ययन गराई छोरा छोरी बीच विभेद हुने गरी शिक्षाको गुणस्तरमा असर पर्न सक्ने काम कारवाही गरेमा,

(ञ) बालिकालाई घर, विद्यालय वा अन्य कुनै पनि स्थानमा कुटपिट गर्ने, मानसिक रुपमा प्रताडना दिने, शरीरको कुनै भागमा यौनजन्य नियतले स्पर्श गर्ने, अश्लील गाली गर्ने वा पोर्नसाइट हेर्ने वा हेर्न लगाउने काम गरे गराएमा,

(ट) बालिकालाई व्यावसायिक प्रयोजनको लागि सर्कस, नाटक वा अन्य मनोरन्जनात्मक वा जोखिमपूर्ण काममा लगाएमा,

(ठ) संरक्षकले यस एन बमोजिम पालनपोषण गर्नु पर्ने बालिकालाई पालनपोषण नगरेमा वा बालिकाको सम्पतिको उचित हेरचाहार नगरी नष्ट गरेमा वा मासेमा।

२२. <u>दण्ड सजायः</u> देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा २१ को खण्ड (क), (ख) र (च) बमोजिमको कसूर गर्ने गराउनेलाई पाँचलाख रुपैयाँसम्म जरिवाना,

(ख) दफा २१ को खण्ड (ग), (घ) र (ज) बमोजिमको कसूर गर्ने गराउनेलाई पचास हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा २१ को खण्ड (ङ) बमोजिमको कसूर गर्ने गराउनेलाई एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा २१ को खण्ड (छ) र (ठ) बमोजिमको कसूर गर्नेलाई एकलाख रुपैयाँसम्म जरिवाना,

(ङ) दफा २१ को खण्ड (झ) बमोजिमको कसूर गर्ने गराउनेलाई पच्चीस हजार रुपैयाँ सम्म जरिवाना,

(च) दफा २१ को खण्ड (ञ) र (ट) बमोजिमको कसूर गर्ने गराउनेलाई पचहत्तर हजार रुपैयाँसम्म जरिवाना ।

२३. <u>हदम्यादः</u> यस ऐन बमोजिम सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्ष भित्र मुद्धा दायर गर्नु पर्नेछ ।

तर बदनियतपूर्वक बालिकाको सम्पत्ति बेचबिखन गरेकोमा जहिलेसुकै र बालिकालाई अनैतिक काममा लगाएकोमा सो काम भए गरेको मितिले तीन वर्ष भित्र मुद्धा दायर गर्न सकिनेछ।

२४. <u>प्रदेश सरकारवादी हुनेः</u> (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दा प्रदेश सरकार बादी हुनेछ।

(२) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी उजुरी सम्बन्धित प्रदेश प्रहरी कार्यालयमा दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश प्रहरी कार्यालयबाट अनुसन्धान भएपछि प्रचलित कानून बमोजिमको अदालतमा मुद्धा दायर गर्नु अघि सरकारी वकीलको परामर्श लिनु पर्नेछ।

२५. **मुद्धाको कारवाहीमा प्राथमिकता दिनु पर्नेः** यस ऐन बमोजिमको मुद्धाको कारवाही तथा किनारा गर्दा सम्बन्धित अदालतले प्राथमिकता दिनु पर्नेछ।

२६. **पुनरावेदनः** यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्धामा प्रचलित कानून बमोजिमको अदालतको फैसलामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो फैसला भएको मितिले पैतीस दिनभित्र प्रचलित कानून बमोजिमको अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद्- ७
## विविध

२७. **निर्देशन तथा आदेश दिन सक्नेः** बालिकाको संरक्षणको गरी यस ऐनको प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनको लागि प्रदेश सरकारले सम्बन्धित निकायलाई आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ।यसरी दिएको निर्देशन तथा आदेशको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२८. **निरीक्षण गर्न सक्नेः** प्रदेश सरकार वा प्रदेश सरकारबाट अख्तियारी प्राप्त निकायले यस ऐनको प्रभावकारी कार्यान्वयन भए नभएको कुराको सम्बन्धमा सम्बन्धित निकायको निरीक्षण गर्न सक्नेछ।

२९. **अधिकार प्रत्यायोजनः** यस ऐनको कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश सरकार, समिति वा कुनै अधिकारीलाई प्राप्त अधिकार अन्य कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

३०. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उध्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ आई परेमा प्रदेश सरकारले सो बाधा अडकाउ फुकाउनको लागि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

३१. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी वा पदाधिकारी व्यक्तिगत रुपले उत्तरदायी हुने छैन।

३२. <u>**प्रचलित कानुन बमोजिम हुने**</u>: यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।

३३. <u>**नियम बनाउने अधिकार**</u>: यस ऐनको उदेश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३४. <u>**कार्यविधि तथा निर्देशिका बनाउन सक्ने**</u>: यस ऐनको उदेश्य कार्यान्वयन गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ।